आज मिति २०७६ साल असोज महिनाको २९ गते बुधवार बिहान ८:०० बजे यस बारेकोट गाउपालिका, गाउ कार्यपालिकाको २७ औं बैठक यस गाउपालिकाका अध्यक्ष श्री महेन्द्र बहादुर शाहको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारका निर्णयहरु गरियो ।

उपस्थिति :

| क.स. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री महेन्द्र बहादुर शाह | अध्यक्ष | |
| २. | श्री ओमा शाही | उपाध्यक्ष | |
| ३. | अर्जबिर सिंह | सदस्य गाउं कार्यपालिका | |
| ४. | लालभक्त सिंह | सदस्य गाउं कार्यपालिका | |
| ५. | मन बहादुर शाही | सदस्य गाउं कार्यपालिका | |
| ६. | सिर्जना बस्नेत | सदस्य गाउं कार्यपालिका | |
| ७. | कर्णे कामी | सदस्य गाउं कार्यपालिका | |
| ८. | बसन्त शाही | सदस्य गाउं कार्यपालिका | |
| ९. | शर्शीराम गौतम | सदस्य गाउं कार्यपालिका | |
| १०. | द्वारिका प्रसाद बुढा | सदस्य गाउं कार्यपालिका | |
| ११. | तिले महतारा | सदस्य गाउं कार्यपालिका | |
| १२. | धनबिर कामी | सदस्य गाउं कार्यपालिका | |
| १३. | ऐन बहादुर परियार | सदस्य गाउं कार्यपालिका | |
| १४. | ममिता पुन धर्ती | सदस्य गाउं कार्यपालिका | |
| १५. | शिला सार्की | सदस्य गाउं कार्यपालिका | |
| १६. | सुन्दरी सार्की | सदस्य गाउं कार्यपालिका | |
| १७. | देउमा बुढा | सदस्य गाउं कार्यपालिका | |
| १८. | रुद्र ब.पछाई | सचिव गाउं कार्यपालिका | |

प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १ : गाउँपालिका अनुदान तर्फ नियुक्त भएका शिक्षकहरुको तलबमान तथा दरबन्दी पुनरावलोकन सम्बन्धमा ।

निर्णय नं. १(क): गाउँपालिका अनुदानबाट तलब भत्ता खाने गरी गाउँपालिकाले नियुक्त गरेका शिक्षकहरुको तलबमान देहाय बमोजिम कायम गर्ने निर्णय गरियो ।

| क.स | तह | पहिलेको तलबमानको स्केल | आ.व.२०७६।७७ देखि कायम हुने तलब स्केल |
|---|---|---|---|
| १ | बालविकास | ५०००।०० | ६,०००।०० |
| २ | आधारभूत( १ देखि ५) | १३,०००।०० | १६,०००।०० |
| ३ | आधारभूत( १ देखि ८ | १६,०००।०० | २०,०००।०० |
| ४ | मा.वि | २२,०००।०० | ३०,०००।०० |

निर्णय नं. १(ख):संघीय सरकारका विभिन्न प्रकारका शिक्षक दरबन्दी सहित विद्यार्थी शिक्षक अनुपातका आधारमा तहगत रुपमा देहायका संख्यामा शिक्षकहरुको दरबन्दी कायम गर्ने ।

१. मा.वि.तह १ देखि १० कक्षा संचालन भएका विद्यालयमा देहाय बमोजिम दरबन्दी कायम गर्ने ।

| तह | शिक्षकको दरबन्दी संख्या | |
|---|---|---|
| मा.वि | ३ | |
| नि.मा.वि. | २ | |
| प्रा.वि. | ३ | |

नोट : ( गणित, विज्ञान र अँग्रजीको शिक्षक अनिवार्य राख्नु पर्ने)

२. नि.मा.वि.तह कक्षा संचालन भएका विद्यालयमा देहाय बमोजिम दरबन्दी कायम गर्ने ।

| तह | शिक्षकको दरबन्दी संख्या |
|---|---|
| नि.मा.वि. | ३ |
| प्रा.वि. | २ |

नोट : ( गणित, विज्ञान र अँग्रजीको शिक्षक अनिवार्य राख्नु पर्ने)

३.प्रा. वि.तह कक्षा संचालन भएका विद्यालयमा देहाय बमोजिम दरबन्दी कायम गर्ने ।

| कक्षा | शिक्षकको दरबन्दी संख्या |
|---|---|
| १ देखि ५ | ३ |
| १ देखि ३ | २ |

प्रस्ताव नं. २ : सूचना प्रविधिलाई प्रवर्द्धन गर्न प्रदान गरिने एकमुष्ट अनुदान सम्बन्धमा ।

निर्णय नं. २ : मा.वि.तहमा कम्तीमा ५ वटा कम्प्युटर; १ वटा प्रोजेक्टर र ५ के.भी.को सोलार सिस्टम साथै नि.मा.वि. तहमा कम्तीमा ३ वटा कम्प्युटर र १ वटा प्रोजेक्टर र ३ के.भी.को सोलार सिस्टम सहित कम्प्युटर कक्षा संचालनमा ल्याएका विद्यालयहरुलाई रु. १ लाख २० हजारका दरले वार्षिक एकमुष्ट रुपमा अनुदान स्वरुप उपलब्ध गराउने ।

प्रस्ताव नं. ३ : वडास्तरी खेलकुद कार्यक्रम संचालन सम्बन्धमा ।

निर्णय नं. ३ : गाउँपालिका स्तरीय राष्ट्पति रनिगँ शिल्ड प्रतियोगीतालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न वडा स्तरमा खेलाडीहरु उत्पादन गर्नु पर्ने भएकोले प्रत्येक वडाहरुमा कम्तीमा ७ वटा खेलकुद प्रतियोगिता संचालन गर्न प्रत्येक वडालाई रु. ५० हजारका दरले रकम उपलब्ध गराउने ।

प्रस्ताव नं.४ : विज्ञप्ति निकाल्ने सम्बन्धमा ।

निर्णय नं. ४ : यस गाउँपालिकाको वडा नं. ३ को वडा कार्यालयमा अज्ञात समूहबाट आगजनी गरी वडा कार्यालयका महत्वपूर्ण सामानहरु नष्ट भएकोले उक्त कार्यको भर्त्सना गर्दै कार्यालयबाट विज्ञप्ति निकाल्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५ : स्वास्थ्य संस्थाका बर्थिगँ सेन्टरमा कार्यरत अ.न.मी कर्मचारी तथा तिनीहरुको तलबमान सम्बन्धमा ।

निर्णय नं. ५(क) : यस गाउँपालिका अन्तर्गत ४ वटा वर्थिगँ सेन्टर मध्ये हाल सम्म नायकवडा स्वास्थ्य चौकीको वर्थिगँ सेन्टरमा अ.न.मी नियुक्ति नभएको कारण २४ घण्टे प्रसुतिकक्षमा काम गर्ने कर्मचारीको अभाव भएको छ । तसर्थ यस आ.व.मा उक्त संस्थामा १ जना अ.न.मी नियुक्त गर्ने निर्णय गरियो ।

निर्णय नं. ५(ख) यस गाउँपालिका अन्तर्गत ४ वटा बर्थिगँ सेन्टरमा कार्यरत अ.न.मी कर्मचारीहरुको सेवा सुविधा संघीय सरकारबाट भुक्तानी हुने भएपनि विगत वर्षदेखि तलब स्केल अनुसार बजेट निकासा नभएको कारण न्यून तलब अर्थात मासिक रु. १६ हजारका दरले तलब भत्ता भुक्तानी हुँदै आएकोमा बर्थिगँ सेन्टरमा २४ सै घण्टा खटिई काम गर्नु पर्ने भएकोले निजहरुलाई न्यून तलबमा काम लगाउँदा यस कार्यपालिकाको समेत उक्त विषयमा गम्भीर ध्यानाकर्षण भई निजहरुको तलब भत्तामा वृद्धि गर्नु पर्ने देखिन्छ अत : कार्तिक महिना देखि लागु हुने गरी निजहरुको तलब भत्ता अ.न.मी चौथो तहको शुरु स्केल कायम गर्ने निर्णय गरियो । साथै यसरी तलब भत्ता भुक्तानी गर्दा संघीय सरकारबाट प्राप्त हुन आएको बजेटबाट तलब भत्ता भुक्तानी गर्दा अपुग हुन आएको बजेट गाउँपालिकालाई प्राप्त हुने विभिन्न प्रकारका अनुदानबाट व्यवस्थापन गर्ने निर्णय गरियो । तर यस आ.व.को लागि भने उक्त बजेट व्यवस्थापन भैपरी बजेट बाँडफाँटबाट कर्मचारी तलब भत्तामा रकमान्तर गरी तलब भत्ता भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ५(ग) गत वर्ष सम्म संचालित रोमिगँ अ.न.मी पदमा कार्यरत कर्मचारीहरुको संघीय सरकारबाट बजेट प्राप्त नभएकोले यस वर्ष देखि गाउँपालिकाबाट तलब भत्ता व्यवस्थापन गर्ने गरी उक्त पदमा कार्यरत कर्मचारीहरुको सेवालाई निरन्तरता दिने निर्णय गरियो ।